# गाउँसभाको बैठक २०८२ साल असार १० गते मंगलवार गाँउपालिका अध्यक्ष श्री रेणुका चौलागाईँले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ्ग ,काभ्रेपलाञ्चोक
बागमती प्रदेश

१.  नेपाली जनताको त्याग तपस्या बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको चौंरीदेउराली गाउँपालिकाको १६ औं गाउँ अधिवेशनका उपाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु ,सभाका सचिव ज्यू, गाउँपालिकाका विभिन्न शाखा तथा अन्तर्गतका कार्यालयका कार्यरत कर्मचारीहरु, संचारकर्मी, सुरक्षाकर्मी एवम् उपस्थित सम्पूर्ण महानुभावहरु , चौंरीदेउराली गाउँपालिकाको १६ औं गाउँसभाको बैठकमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । चौंरीदेउराली गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएकी छु ।

२. यस गरिमामय सभा मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र,समानुपातिक,समावेशीता,धर्म निरपेक्षता,सामाजिक न्याय स्थापनाका लागि जनयुद्ध,जनआन्दोलन लगायत अन्य ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बेपत्ता, घायते योद्धाहरु, शहिद परिवार र आन्दोलनमा स्वाभिमान पूर्वक सहभागी भई योगदान गर्नुभएका सबैमा उच्च सम्मान गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको नयाँ सविंधानले जनताको नजिकको सरकारको परिकल्पना गरे अनुरुप स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु तेस्रो वर्ष पूरा गरी चौथो बर्षमा प्रवेश गरेका छौं । यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई महत्वपूर्ण तथा रचनात्मक सुझाव दिनु हुने सम्पूर्ण आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**सभाका सदस्यज्यूहरु,**

४. गाउँपालिकासँग पर्याप्त आन्तरिक श्रोत नहुनु र संघ र प्रदेशले खटाएर दिएको बजेट अनि राजश्व नउठ्दा कटाएको अनुदानको भरमा काम गर्न सहज र अनुमान योग्य छैन । साथै सीमित स्रोत र साधनबाट स्थानीय सरकारसँग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समयसापेक्ष पूरा गरी समृद्ध गाउँपालिका निर्माण गर्न हाम्रो सामु चुनौती रहेको छ तथापी संघ र प्रदेश सरकार,गैर सरकारी संघसंस्थाहरुको सहकार्य र समन्वयमा अघि बढ्न चौंरीदेउराली गाउँपालिका सदैव प्रतिवद्ध रहेको छ ।

५. विद्यमान परिस्थितिमा जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको यस स्थानीय सरकार जनताहरुको जनआकांक्षा अनुसार गाउँपालिकाको विकास निर्माण र सुशासनको लागि कटिबद्ध रहेको स्मरण गराउदै आमागी दिनहरुमा पनि जनताको घरदैलोमा पुगी जनताको सेवामा सदैव समर्पित रहने विश्वास समेत दिलाउन चाहन्छु ।

६. समृद्ध चौंरीदेउराली बनाउने दीर्घकालीन लक्ष्य हासिल गर्ने अभियानमा चौंरीदेउराली गाउँपालिकाको र अन्तर्गतको समग्र टिम क्रियाशिल छ । आवधिक योजना,मध्यकालिन खर्च संरचनाले लिएका लक्ष्य,उद्देश्य,प्राथमिकता र रणनीतिहरुको कार्यान्वयन गर्दै गरिवी निवारण,विपद् व्यवस्थापन आर्थिक समृद्धि र सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेश विकास हासिल गर्ने दिशा तर्फ आगामी आ.व. का कार्यक्रमहरु केन्द्रित हुनेछन ।

७. हामी निर्वाचित भएको तेस्रो वर्षसम्म हाम्रो कार्यकाल उस्साह पूर्वक नै रहेको छ । सवै वडा कार्यालयहरु सवलीकरण भई सार्वजानिक सेवा प्रवाहमा प्रविधिमैत्री र आधुनिक हुने क्रममा रहेका छन । नागरिकहरुको गुनासो र सुझावहरु संकलन गर्ने तथा त्यसमा थप सुधार गर्ने प्रयास समेत भएका छन् ।

८. स्रोत र साधनको सीमितताको कारण जनताको सवै अपेक्षा एकै पटक पूरा गर्न कठिन छ । यसर्थ आवश्यकताको प्राथमिकीकरण र वजेटको सीमितताको वीचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । गाउँपालिकाले लिएको दीर्घकालीन लक्ष्य र योजनालाई आत्मसाथ गर्दै अव म यस गरीमामय गाउँसभामा आ.व २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

## आर्थिक विकास तर्फ

९. कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादनमा अभिवृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउन तथा स्थानीय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानमा बढोत्तरी गर्न चौंरीदेउराली गाउँपालिका अन्तर्गत तपसिल बमोजिम १ वडा १ उत्पादन कार्यक्रम संचालनमा जोड दिइ बजेट व्यवस्था गरिनेछ ।

### एक वडा एक उत्पादन कार्यक्रम क्षेत्र

- १ नं. वडा चिया र अन्य रैथाने बाली
- २ नं. वडा अकबरी खुर्सानी
- ३ नं. वडा तरकारी खेती
- ४ नं. वडा फलफूल खेती
- वडा नं. ५,६,७ र ८ मा कफी खेती

- ९ नं. वडा झुसे (लाप्चे) खेती

१०. कृषकको बालीहरुमा लाग्ने किरा पहिचानको लागि बाली उपचार शिविर संचालन गरिनेछ।

११.कृषिमा नयाँ प्रविधि बढाउनको लागि गाउँपालिका मार्फत वितरण गरिने वीउ विजन र कृषि उपकरणमा अनुदानको व्यवस्था मिलाईनेछ।

१२.चौरीदेउराली गाउँपालिकाका कृषकले उत्पादन गरेको कृषि उत्पादनहरुको बजारीकरणको लागि यातायातको सहज पहुँच स्थापित गर्न कृषि एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

१३.कृषकहरुलाई समयमै मल बीँउ उपलब्ध गराउन आवश्यक समन्वय र सहकार्य गरिनेछ। सहकारी मार्फत किसानहरुलाई वितरण गरिने मलको लागि सदरमुकाम देखि प्रत्येक वडासम्म ढुवानी भाडा गाउँपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ साथै सोको प्रभावकारी अनुगमन समेत गरिनेछ।

१४.किसानहरुको पशु उपचारलाई सहज बनाउन गाउँपालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुलाई आवश्यकता अनुसार वडाहरुमा खटाई सहज बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१५.रेविज विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइ रेविजबाट हुने जोखिम न्यूनीकरण गरिनेछ ।

१६.गाउँपालिका भित्र कृषि बालीमा बाँदर,बँदेल,दुम्सी लगायत जङ्गली जनावरले पुर्याएको क्षतिको रोकथाम तथा न्यूनीकरण गर्न आवश्यक पहल गरिनेछ।

१७.नश्ल सुधारका लागि पशुमा कृत्रिम गर्भाधारण गर्न जनशक्ति सहित घरदैलोमै सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

१८.गाउँपालिका भित्र दर्ता भई संचालन भएको सहकारीहरु सूचीकृत गरी एकीकरण तथा मर्जरको लागि पहल गर्ने, संचालन हुन नसकेको सहकारीहरुलाई कार्यविधि बनाई खारेजी गर्ने नीति अवलम्बन गरिनेछ।

१९.गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र र अनुमति जस्ता विषयहरुलाई सदस्य केन्द्रित हुने गरी नियमन तथा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०. लघु उद्यम कार्यक्रम अन्तर्गत सीप विकास तथा आयआर्जन गर्न तालिम,प्रशिक्षण तथा समूहमा प्रविधि हस्तान्तरणको व्यव्स्था मिलाईनेछ।

## सामाजिक विकास

२१.नेपाल सरकारले निःशुल्क वितरण गर्न तोकिएको औषधी तथा औषधी जन्य सामानहरु सबै स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने व्यवस्थालाई निरन्तरता दिईनेछ।

२२.स्वास्थ्य संस्थाबाट नियमित भईरहेको मातृशिशु पोषण,खोप,स्वास्थ्य परीक्षण,गर्भवती महिला स्वास्थ्य परिक्षण तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइ निःशुल्क स्वास्थ्य परीक्षण शिविर संचालनलाई निरन्तरता दिइनेछ।

२३. चौंरीदेउराली गाउँपालिकाको निर्माणधीन अवस्थामा रहेको १५ शैय्या अस्पतालको भौतिक संरचना आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित तिव्र गतिमा कार्य अगाडि बढाइरहेको छ।

२४. गाउँपालिका अन्तर्गत सानो बाङथली स्वास्थ्य चौकी,नाग्रे स्वास्थ्य चौंकी,दुती सामुदायिक स्वास्थ्य ईकाईको सुदृढीकरण गर्नको लागि आवश्यब बजेटको व्यवस्था गरिनेछ।

२५. अविरल वर्षाको कारण क्षति भएको चौंरीदेउराली गाँउपालिका वडा नं ८ अन्तर्गत भोलुङ स्वास्थ्य सामुदायिक इकाईको निर्माण गरिनेछ।

२६. पछिल्लो समयमा महिलाहरुमा पाठेघरको क्यान्सरको समस्या बढ्दै गईरहेकोले गाउँपालिका भित्रका ३० वर्ष माथिका सवै महिलाहरुको पाठेघर क्यान्सर परिक्षण गर्ने व्यवस्था गरिनेछ।

२७.मानसिक स्वास्थ्य समस्यालाई कम गर्न विभिन्न मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ। मानसिक समस्या भएका विरामीहरुलाई औषधीहरु वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ।

२८. दीर्घ रोग लागेका विपन्न नागरिकहरुको स्वास्थ्य उपचार्थ संङ्घीय सरकारको सहकार्यमा दीर्घरोगी स्वास्थ्य उपचार खर्च प्रदान गरिनेछ।

२९.सबै माध्यमिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम विस्तार कार्यक्रमलाई व्यवस्थित गरी विद्यालयहरुमा स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

३०.गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट नागरिकहरुलाई सहज, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

३१.गाउँपालिका भित्र भएका एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले संचालन गरिनेछ। सुत्केरी हुन स्वास्थ्य संस्था आउनेजाने महिलाहरुलाई गाउँपालिकाका स्वास्थ्य संस्थासम्म जानका लागि पूर्ण निःशुल्क सेवा प्रदान गरिनेछ। चौंरीदेउराली गाउँपालिकाभित्र घरमा हुने सुत्केरी शुन्य बनाइ गाउँपालिकालाई शुन्य होमडेलिभरी गाउँपालिका घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ।

३२.नागरिकहरुको स्वास्थ्य उपचारमा देखिएको बढी आर्थिक भारलाई न्यूनीकरण गर्नको लागि गाउँपालिका बासी सबैलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउन उत्प्रेरित गरिनेछ।

३२.तोकिएको मापदण्ड बमोजिम शिक्षक, विद्यार्थी संख्या र अन्य पूर्वाधार नपुग भएका विद्यालयहरुलाई तह घटुवा, मर्ज वा स्थगन गरी शिक्षक सरुवालाई व्यवस्थित बनाउने कार्यलाई विगतमा झै आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

३३.विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयको तह अनुसार कार्य सम्पादन मूल्यांकनको आधारमा त्रैमासिक रुपमा वालशिक्षक, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी र प्रधानाध्यापकहरुलाई थप भत्ता/सुविधा उपलब्ध गराउने कार्यलाई संघीय र प्रदेश सरकारले न्यूनतम तलबभत्ता उपलब्ध नगरिएसम्म हाल दिदै आएको भत्ता/सुविधालाई निरन्तरता दिईनेछ।

३४. विगतमा झै एक विद्यालय एक उत्पादन कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३५.सिर्जनशील शुक्रबार भन्ने अभिप्रायका साथ गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा प्रत्येक शुक्रबार सृजनात्मक कक्षा संचालन गर्न निर्देशित गरिनेछ। उक्त दिन कला,संगीत,खेलकुद,योग सम्बन्धी व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ।

३६.राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता, प्रतिभा पहिचान कार्यक्रम र अध्यक्ष गोल्ड कप प्रतियोगिता जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३७.गाउँपालिका भित्रका  विद्यालयहरु विद्यालय संचालन, शिक्षण सिकाई तथा परीक्षा प्रणालीमा एकरुपता कायम गर्नको लागि शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

३८.विद्यालयहरुमा ई-हाजिरी सिसिटिभी जडान जस्ता कार्यहरु मार्फत विद्यालयमा भएको अनियमितता हटाइ गुणस्तर सुधार गर्नको लागि आवश्यक बजेट व्यवस्था गरी नियमित अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाउन पहल गरिनेछ।

३९.स्थानीय पाठ्यपुस्तकको निर्माण गर्न चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेको भएता पनि विविध कारणले सो कार्य सम्पन्न गर्न बाँकी रहेकाले आगामी आर्थिक वर्षमा बजेट व्यवस्थालाई निरन्तरता दिइ स्थानीय पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न गरिनेछ।

४०.शिक्षक,विद्यालय व्यवस्थापन समिति,  विद्यार्थी र अभिभावकहरुसँग छलफल तथा अन्तरक्रिया गरी विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न सहजीकरण गरिनेछ।

४१.लागु पदार्थ, दुर्व्यसनी,साईवर अपराध (Cyber Crime) लैंगिक हिंसा र वाल विवाहबाट बालबालिकामा हुने सम्भावित जोखिम  न्युनीकरण गर्न विद्यालय तथा समुदाय स्तरबाट नै सचेचना कार्यक्रम संचालन गरिनेछ ।

४२.गृहिणी महिलाहरुको सशक्तिकरणको लागि सीपमूलक तालिम मार्फत स्वरोजगार एवंम आत्मनिर्भर बनाउन गृहिणी महिला सशक्तीकरण कार्यक्रम संचालन गरिनेछ।

४३.दलित समुदायको क्षमता विकास गरी सुधार सहितको परम्परागत पेशाको लागि अनुदानका पेशागत सामग्री वितरण गरिनेछ।

४४. सीप विकास कार्यक्रमबाट क्षमता विकास भएका नागरिकहरुलाई रोजगारी सिर्जना गरी आर्थिक वृद्धि गर्नको लागि रैथाने बाली जस्ता किसानहरुले उत्पादन गरेको अन्नबाली फलफूलको ब्राण्डिङ गर्न आवश्यक ब्यवस्था गरिनेछ।

४५. स्थानीय चाडपर्व, परम्परा एवम् संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने उदेश्यले लोछार र तीज जस्ता चाडपर्व मनाउनको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ।

## पूर्वाधार विकास

४६.स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गरी गाउँपालिका भित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारको समन्वयमा क्रमशः स्तरोन्नति गरी सबै मौसममा संचालन हुने अवस्था बनाउन पहल गर्ने ।

४७.गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य तोकिएको समय सीमाभित्र सम्पन्न गर्नको लागि आवश्यक थप बजेटको व्यवस्था गरिनेछ।

४८.चौरीदेउराली गाउँपालिका अन्तर्गत वडा नं ३,४ र ७ को वडा कार्यालय भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

४९.चौरीदेउराली गाउँपालिका अन्तर्गत वडा नं ५,८ र ९ को अपुरो वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट ब्यवस्था गरिनेछ।

५०.आगामी आर्थिक वर्ष २०८२/२०८३ मा निम्नानुसार गाउँपालिका स्तरीय मुख्य आयोजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ।

- गोठपानी विर्ता देउराली सडक
- भालुखोला कोईली वगर सडक
- धुसेनी माझिफेदा बिला सडक
- पिपपचौर सुनकोशी नदी तटबन्ध निर्माण
- नाग्रे लिफ्टिङ खानेपानी आयोजना

५१.गाउँपालिका भित्रका सडकहरुको मर्मत कार्यलाई प्रभावकारी बनाउन मुख्य मुख्य सडकहरु वर्षायाममा पनि संचालन हुने गरी मर्मत संभार कार्ययोजना बनाई कार्यान्वयमा ल्याईनेछ।

५२.उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना कार्यान्वयन गर्दा आयोजनाको प्रकृति हेरी उपभोक्ता समितिको तर्फबाट बेहोरिनु पर्ने लागत साझेदारीको अनुपात (श्रमदान वा नगद वा बस्तुगत) समयानुकूल बनाइनेछ।

५३.पूर्वाधार निर्माणको क्षेत्रमा उपभोक्ता समितिहरुको प्रभावकारी परिचालन गर्न आवश्यकतानुसार जनप्रतिनिधि र कर्मचारीहरुको समन्वयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५४.निर्माण गरिने पूर्वाधारको दिगोपना र गुणस्तर कायम गर्नका लागि गाउँपालिकामा पूर्वाधार ल्याब स्थापना गरिनेछ।

५५.संघ र प्रदेश सरकारसँगको समन्वयमा निर्माण हुन बाँकी रहेका सडक लगायतका अन्य पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिईनेछ।

५६.**"एक घर एक धारा "** को अभियानलाई पूर्णता दिने तर्फ विशेष ध्यान दिइनेछ।

५७.चौरीदेउराली गाउँपालिका वडा नं ६ मा साना सिचाँई प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

५८.सानोबाङ्थली र भालुखोला क्षेत्रमा खानेपानी मुहानहरु प्रशस्त मात्रामा रहेकोले ड्याम निर्माणको लागि आवश्यक सम्भाव्यता अध्ययनको कार्य गरिनेछ। साथै प्रदेश र संघीय सरकारसँग समन्वय गरी खानेपानी पूर्वाधार निर्माणको लागि पहल गरिनेछ।

५९.मिति २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण क्षति भएको सार्वजानिक संचरना र निजी निवास पुननिर्माणलाई पहिलो प्राथमिकता दिईनेछ। पुंनःनिर्माणका लागि संघ , प्रदेश तथा गैरसरकारी सङ्घसंस्थाहरुसंग सहकार्य गरिनेछ।

६०.निर्मित संरचना एवम् पूर्वाधारहरुको नियमित मर्मत संभार, संचालन, संरक्षण एवम् सम्बर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

६१. खेलकूद क्षेत्रको विकासको लागि आबश्यक पूर्वाधारको रुपमा रहेको गाउँपालिका भित्रका विभिन्न स्थानमा रहेको खेल मैदानहरुलाई प्राथमिकताको आधारमा स्तरोन्नति र विकासमा जोड दिइनेछ।

६२.गाउँपालिका क्षेत्रभित्रको संचार सेवालाई व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन नेपाल टेलिकम र ईन्टरनेट सेवा प्रदायक संस्थाहरुसंगको सहकार्यमा आवश्यक स्थानहरुमा नेपाल टेलिकमको टावर जडानको लागि पहल गरिनेछ।

६३.गाँउपालिकाका सम्भाव्य पर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनमा जोड दिइनेछ।

६४.गाउँपालिका भित्रका मठ-मन्दिर, गुम्बा, छयोर्तेन लगायत पर्यटकीय स्थानहरुलाई आकर्षक पर्यटकीय स्थानको रुपमा विकास, प्रबर्द्धन र संरक्षण गर्न जोड दिइनेछ।

६५.राजनीतिक व्यवस्था र अवस्था परिवर्तनको लागि जनयुद्ध /जनआन्दोलनका क्रममा भएका शहिदहरुको सम्मानमा निर्माण भएका शहीद गेट र शहिद पार्कहरु जस्ता संरचनाहरुलाई थप व्यवस्थित गरिनेछ।

**वन तथा वातावरण तथा विपद् व्यवस्थापन**

६६.विपत् व्यवस्थापनको रणनैतिक योजना तयार गरी गाउँपालिका स्तरीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना गर्दै उक्त केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको व्यवस्था गरिनेछ।

६७.जोखिम युक्त स्थानमा रहेको वस्ती संरक्षण तथा पिडित परिवारलाई पुनस्थापनाको लागि आवश्यक पहल गरिनेछ।

६८. वर्षाको कारण क्षति भएका विभिन्न स्थानहरुको सिँचाई कुलोहरु मर्मत सम्भार गरी संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६९.विपद् व्यवस्थापनको क्षेत्रमा खटिने गाउँ प्रहरीको लागि तालिम तथा यथोचित सुरक्षा उपकरणहरुको व्यवस्थापन गरिनेछ।

७०. विपद् व्यवस्थापन कोषबाट विपद् प्रभावित परिवारहरुलाई राहत तथा उद्धार कार्यक्रमहरु संचालन गरिनेछ साथै त्यसको लागि प्रभावकारी संयन्त्र तयार गरी परिचालनमा विशेष जोड दिइनेछ ।

७१. चालु आर्थिक वर्षको मिति २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण क्षति भएका नीजि आवासहरुको पुनःनिर्माणको लागि सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी पुनःनिर्माण तथा पुनःस्थापनाको कार्य सुरुको गरिनेछ ।

७२. खाली वन तथा सार्वजनिक क्षेत्र वा निजी जग्गामा समेत मोरिङ्ग जस्ता औषधीजन्य विरुवाहरु वृक्षारोपन गर्न प्रोत्साहन कार्यक्रमहरु ल्याइनेछ । त्यसै गरी हरेक वर्ष विभिन्न कारणबाट हुने डढेलो नियन्त्रण गरी वातावरणीय प्रदुषण र पर्यावरणीय समस्याको रोकथामका लागि जनमानसमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

७३. वातावरणीय प्रदुषण न्यूनीकरण गर्नको लागि कपडाको झोला सिलाइ बुनाइ तालिम संचालन गरी कपडाको झोला प्रयोगमा जोड दिइ प्लाष्टिक जन्य पदार्थहरुको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

सभाका सदस्यज्यूहरु,

## सुशासन तथा संस्थागत विकास

७४. वित्तीय अनुशासन कायम गर्दै असारे विकासलाई निरुत्साहित गर्न उपयुक्त समय भित्रै आयोजना र कार्यक्रमहरुको सम्झौता सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ ।

७५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७६. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनप्रतिनिधि र कर्मचारीलाई नागरिक प्रति जिम्मेवार बनाईनेछ ।

७७.कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धि सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ /

७८.गाउँपालिका भित्रका विभिन्न कार्यालयहरुका विषयगत शाखा र वडाहरुले सम्पादन गरेका कार्यहरुको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई मासिक रुपमा अनिवार्य रुपमा पेश गर्ने नीति लिईनेछ।

७९.महालेखा परिक्षकले हालसम्म औल्याईका बेरुजु हटाइ शुन्य बेरुजुको मान्यतालाई आत्मसाथ गरी सेवा प्रवाह गर्ने नीति अवलम्बन गरिनेछ।

८०.सुरक्षित आप्रवाशन(सामी) कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि आवश्यक श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५० प्रतिशत र यस गाउँपालिकाको ५० प्रतिशत साझेदारीमा सामी कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिनेछ।

८१.गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषका आवद्ध गरिनेछ।

८२.कृषि,पशु सेवा,स्वास्थ्य तथा पञ्जीकरण लगायतको सेवालाई प्रभावकारी र सहज पहुँच कायम गर्न घरदैलो कार्यक्रम मार्फत सेवा प्रवाह गरिनेछ।

८३.गाउँपालिकाभित्र संचालन हुने सबै प्रकारका सभा समारोहमा अतिथि सत्कारमा बुद्धचित्त माला, फूल, पात जस्ता स्थानीय उत्पादनहरु प्रयोगलाई प्राथमिकता दिइनेछ।

८४.ग्रामीण पर्यटनलाई प्रोत्साहन दिने गरी प्रत्येक वडामा कृषि होम स्टे निर्माण गर्न विशेष अनुदानको व्यवस्था गरी खुशी गाउँ (HAPPY VILLAGE) अवधारणाको विकास गरिनेछ।

८५.गाउँपालिकाबाट सम्पादन हुने सबै कार्यहरु एवम् सार्वजानिक सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउन आवश्यक संरचना निर्माण गरिनेछ। सार्वजानिक सेवा प्रवाहलाई गुणस्तरीय,परिणाममुखी,छिटो छरितो र पारदर्शिता बनाउन आवश्यक कानून निर्माण गरी लागू गरिनेछ।

८६.न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त एवम् प्रभावकारी बनाईनेछ।

८७.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरु बीच समन्वय र सहकार्य बजेट कार्यान्वयनलाई थप नतिजामूलक बनाइनेछ ।

८८.सहिद समाज परिवर्तन र रुपान्तरणका आदर्श हुन । तसर्थ शहिदहरुको सम्मान स्वरुप जनयुद्ध जनआन्दोलनका शहिद तथा वेपत्ता नागरिकका परिवारहरुलाई मासिक रुपमा राहत स्वरुप दिदै आएको रु.३,०००/-(तीन हजार) लाई निरन्तरता दिइनेछ । शहिद परिवारलाई रोजगार, शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा प्राथमिकता दिइ काम गरिनेछ ।

***गाउँसभा सदस्यज्यूहरु,***

८९.जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरु,बालबालिका लगायतको सहजताको लागि बैङ्कसँगको सहकार्यमा वडा स्तरबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिनेछ ।

९०.संघीय सरकारको नीति अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको पहिचान, नवीकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय पत्र नम्बरको माध्यमबाट वायोमेट्रिक भेरिफिकेसन कार्यको शुरुवात गरिनेछ ।

९१. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकताको आधारमा समयानुकूल करको दायरालाई फराकिलो बनाईदै लगिनेछ ।

९२. जनउत्तरदायी र जनगुनासोलाई सम्बोधन गरी पारदर्शिता कायम गर्नको लागि नियमित रुपमा सार्वजानिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

**अन्त्यमा,**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम निर्माणमा आ-आफ्नो क्षेत्रबाट रचनात्मक सुझाव र सहयोग पुऱ्याउनु हुने सभा सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, शिक्षक कर्मचारी लगायत सम्पूर्णलाई हार्दिक धन्यबाद दिंदै यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक आभार व्यक्त गर्दछु । साथै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव छैन । तसर्थ गाउँपालिकाले अघि सारेका प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउन सबैमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद!

**रेणुका चौलागाई**

**अध्यक्ष**

**२०८२ असार १० गते**